प्रथम मदन भण्डारी कप राष्ट्रिय महिला हक्की

आर्मीलाई उपाधि

द पब्लिक टुडे समाचारदाता
ढल्केवर, फाल्गुन २० गते ।

प्रथम मदन भण्डारी कप राष्ट्रिय महिला हक्की प्रतियोगिताको उपाधि विभागीय टोली नेपाल आर्मीले उचालेको छ । आईतबार भएको प्रतियोगिताको फाइनल खेलमा आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमीलाई स्तब्ध पार्दै त्रिभुवन आर्मी क्लब उक्त प्रतियोगिताको च्याम्पियन बनेको हो ।

आर्मीको जितमा सितामाया बल र सिमा खड्काले समान २-२ गोलको योग्दान गरे । आयोजक मदन भण्डारी एकेडेमीका लागि मधु राईले खेलको ४८ र ४९ औं मिनेटमा लगातार दुई गोल गरेपनि अन्य खेलाडीले टिमलाई सफलता दिलाउन भने सकेनन् । प्रतियोगिताको उपाधि चुमेका आर्मी टोलीले नगद १ लाख ५० हजार रुपैयासहित पुरस्कृत भए । उपविजेतामा सीमित आयोजक मदन भण्डारी स्पोट्स एकेडेमीले १ लाख रुपैया र शिल्ड पाउँदा प्रतियोगिताको तृतिय स्थान सुरक्षित गरेका सुदुरपश्चिमले ५० हजार रुपैया पुरस्कार पाए । तृतिय स्थानका लागि शनिवार भएको खेलमा सुदुरपश्चिमले लुम्बिनीलाई ५-० गोलले हराएको थियो ।

प्रतियोगिताका बिजेतालाई नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेल, मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष ध्रुव आचार्य, नेपाल हक्की संघका अध्यक्ष अनिल शर्मालगायतले पुरस्कार प्रदान गरे ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी आर्मीकी सरस्वती तामाङ घोषित भए । आर्मीकै कुश्मा राना मगर प्रतियोगिताको उत्कृष्ट गोलकिपर विद्यामा पुरस्कृत भइन् । उत्कृष्ट रक्षकमा आयोजक टोलीकी सपना सिंह पुरस्कृत भइन् भने लुम्बिनीकी अनन्या वर्णवाल इमर्जिङ खेलाडीको उपाधिबाट पुरस्कृत भए ।

यस्तै आर्मीकी सितामाया बल, आयोजककी मधु राई र सुंदूरपश्चिमकी बुलबुल कुमारीले सर्वाधिक गोल कर्ताको पुरस्कार पाए । उनीहरुलाई जनही १० हजार रुपैया नगद र मेडलसहित पुरस्कृत गरिएको जनाइएको छ । मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा फाल्गुन १४ गतेदेखि धनुषाको महेन्द्रनगर स्थित क्षीरेश्वर जनता माध्यमिक विद्यालयको खेल मैदानमा सुरु भएको उक्त प्रतियोगितामा आठ टिम सहभागी थिए । कर्णाली बाहेक ६ प्रदेश, एक विभागीय टोली नेपाल आर्मी र एउटा आयोजकको गरी ८ वटा टिमले प्रतियोगितामा प्रतिस्पर्धा गरेका थिए ।

मिथिला महाकुम्भ...

टुटेश्वरस्थित श्रीटुटेश्वरनाथ, भङ्गाहा नगरपालिका-५ स्थित श्रीसिद्धनाथ, सोनमा गाउँपालिकाको मगरवानास्थित श्रीमङ्गलनाथ, सम्सी गाउँपालिकाको गेढाभेटपुरस्थित श्री धप्नेश्वर र जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका-१ स्थित श्री जलेश्वरनाथ महादेव मन्दिरमा पर्वको तयारी अघि बढेको हो । मिथिलामा फागुन कृष्ण द्वादशीदेखि चतुर्दशीसम्म महाशिवरात्रि मेला आयोजन गरिने परम्परा छ ।

जलेश्वर-१ स्थित श्रीजलेश्वरनाथ महादेव जलभित्र समाधि लगाएर विराजमान शिवलिङ्ग आदिकालमा भगवान् शङ्कर आफैंले स्थापित गरेको विश्वास गरिन्छ ।

'जलेश्वरो महालिङ्गो स्थापितं श्रीशिवं स्वयं' शिवपुराणमा वर्णित यो पङ्क्तिले नै श्री जलेश्वरनाथ अनादिकालमै स्थापना भएको शिवलिङ्ग मानिएको जलेश्वर-५ का बासिन्दा पूर्वीय दर्शन तथा साहित्यका अध्येता एवं मिथिला माहात्म्यका नेपाली अनुवादक ध्रुव राय बताउँछन् । मिथिलामा महाशिवरात्रि र मिथिला महाकुम्भ (माध्यमिकी परिक्रमा) बारे मिथिला माहात्म्यमा वर्णन छ । यसैगरी चुरे पर्वत श्रेणीको थुम्कोमा अवस्थित श्री टुटेश्वरनाथ, रातु र बडहरी नदीको सङ्गमस्थित श्री सिद्धनाथ तथा श्री मङ्गलनाथ पनि अनादिकालमा स्थापित शिवलिङ्ग रहेका यहाँ विश्वास गरिन्छ । यसका अतिरिक्त बर्दिवास-३ राईमण्डल धार्मिक क्षेत्र अवस्थित श्री इन्द्रेश्वर महादेवको शिवलिङ्ग अघि सत्ययुगमा स्वर्गका राजा इन्द्रले दानवसँगको युद्धमा विजयी बन्ने वरदानका लागि श्री शिवको तपस्या गरेका स्थान मानिन्छ । यी मान्यता र विश्वासले यहाँ महाशिवरात्रि मेला उत्सव खास हुने गरेको छ । बेलपत्र, जल र धतुराको फूलमात्रले भगवान् शङ्कर प्रशन्न हुनुहुने जलेश्वर-१ का सुधीर साह बताउँछन् ।

मिथिलामा महाशिवरात्रि पर्व सम्पन्न गरिएलगत्तै दुई दिनपछि सुरु हुने फागुन शुक्लपक्षभरिको मिथिला माध्यमिकी परिक्रमालाई अलौकिक यात्रा मानिन्छ । फागुन औंशीकै दिन प्रारम्भ भएर फागुन शुक्लपक्षभरि हुने मिथिला माध्यमिकी परिक्रमामा महोत्तरी, धनुषा र छिमेकी मित्रराष्ट्र भारतको मधुवनी जिल्लासहितमा एक सय ३३ किलोमिटर वृत्तभित्र १५ ठाउँमा रात्रिवास गरेर रामसीताका भजन गाउँदै मिथिला माध्यमिकी परिक्रमा सम्पन्न गरिने पुरानो परम्परा रहँदै आएको छ ।

मिथिला माध्यमिकी परिक्रमाका चार सुरमा भगवान शङ्कर विराजमान रहेर यात्रीहरुको रेखदेख हुने गरेको मैथिल विश्वास गर्छन् । परिक्रमा क्षेत्र चारसुरमा पूर्वतर्फ भगवान् सदाशिव कल्याणेश्वर, पश्चिममा जलेश्वरनाथ, उत्तरमा क्षिरेश्वरनाथ र दक्षिणमा सतोखरनाथबाट संरक्षित रहेको मटिहानीस्थित श्री लक्ष्मीनारायण मठका सन्त रवीन्द्र दास वैष्णवको भनाइ छ ।

अवधकिशोर (श्रीराम) र किशोरीजी (सीताजी) का प्रतिमा राखिएका डोला अघि लगाएर १५ दिन मिथिलाक्षेत्रभित्रका तीर्थस्थलको दर्शन गर्दै नाङ्गा खुट्टाले पैदल हिंडेर गरिने यो यात्रा मिथिलाको महाकुम्भ भनिन्छ । फागुन पूर्णिमाका दिन यो यात्रा सम्पन्न गरेसंगै होलिका दहनको धुरा उडाएर, होलिका राक्षसीको आकृति डढाएर त्यसको खरानी उडाइने चलन छ । त्यसको भोलिपल्ट हिन्दू धर्मावलम्बीले फागु अर्थात् होली पर्व मनाउँदै आएका छन् ।

मिथिला माध्यमिकी परिक्रमामा महोत्तरीका मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड र कञ्चनवनसहित पाँच रात्री विश्रामस्थल रहँदै आएका छन् । त्यसैगरी धनुषामा छ रात्री विश्राम र भारतको मधुवनी जिल्लामा चार रात्रि विश्रामको परम्परा रहँदै आएको छ ।

नेपाल र भारतका हजारौं साधुसन्त सहभागी हुने यो मिथिलाको महाकुम्भमा परिक्रमाका यात्रीको बासस्थान, प्राथमिक उपचार, भोजन र आपतकालीन सेवाका लागि रात्रि विश्रामस्थल रहेका ठाउँमा मठमन्दिर व्यवस्थापन, सामाजिक सङ्घसस्था, स्थानीय तह र व्यक्तिले स्वेच्छिक प्रबन्ध गर्ने गरेका छन् । माध्यमिकी परिक्रमाको संयोजन पछिल्ला दुई दशकयता विभिन्न मठमन्दिर व्यवस्थापनको समन्वयमा बृहत्तर जनकपुर क्षेत्र विकास कोष (परिषद्) ले गर्दै आएको छ ।

मिथिलामा महाशिवरात्रि, मिथिला माध्यमिकी परिक्रमा र होरी (फागु) अन्तरसम्बन्धित मानिन्छन् । महाशिवरात्रि सम्पन्न गरिएसँगै सुरु हुने मिथिला माध्यमिकी परिक्रमा र त्यसको समापनलगत्तै मनाइने होरी पर्व मैथिल संस्कृति, परम्परासँग अभिन्नरुपले जोडिएका छन् । रासस

प्रदेशभित्रका सरकारी...

अनुसार मधेस सरकारले करारका चिकित्सकहरूको लागि ४५ वर्ष उमेर निर्धारणसमेत गरेको मुख्यमन्त्री यादव बताउँछन् । यसलाई अब छिट्टै कानुन नै संशोधन गरेर लोक सेवामासमेत सोही उमेर निर्धारण गरिने तयारी गरिरहेको मुख्यमन्त्री यादवले सुनाए ।

उनले भने, 'चिकित्सकहरूको पारिश्रमिक सम्बन्धी गुनासोलाई मध्यनजर गरिएको छ, समस्या सम्बोधनका लागि मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका चिकित्सकहरूलाई थप ४० प्रतिशत भत्ता दिन थालिएको छ ।'

प्रदेश मातहतका प्रादेशिक अस्पतालहरूलाई १०० बेडमा स्तरोन्नति गर्नुका साथै थप ५ वटा अस्पताललाई ५० बेडको बनाउने कार्य भइरहेको मुख्यमन्त्री यादवको भनाइ छ ।

मधेसमा स्वास्थ्य क्षेत्रमा डामाडोल रहेकोले यो क्षेत्रको विकासका लागि कुनै कसर बाँकी नराख्ने उल्लेख गर्दै मुख्यमन्त्री यादवले मधेसको समृद्धिका लागी शिक्षा र स्वास्थ्य क्षेत्रलाई मधेस सरकारले पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताए ।

चिकित्सक सङ्घ जनकपुर शाखाका अध्यक्ष डा. रामजी यादवको अध्यक्षतामा भएको उक्त उद्घाटन सत्रमा मधेस सरकारका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री वीरेन्द्र प्रसाद सिंहले प्रा डा. जयनाथ साह, डा. निरज सिंह, डा. अनिल विक्रम कार्की सहितले आफ्नो धारणा राखेका थिए ।

पत्रिका मागेर होइन किनेर पढ्ने बानी बसालौं

धनौजी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

धनौजी, धनुषा
मधेश प्रदेश, नेपाल

दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति :२०८०।११।२१)

उपर्युक्त सम्बन्धमा मिति २०८०।१०।१४ गतेको द पब्लिक टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित आय ठेक्का पोखरी सम्बन्धी शिलवन्दी दरभाउपत्रमा रित पूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये सबभन्दा बढी दररेट कबोल भएको निम्न दरभाउपत्रदाताहरुको दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही रहेकोले अधिकतम मुल्याङ्कित दरभाउपत्रदाताबाट सम्झौता गर्ने निर्णय भएकोले सो सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

सि.नं	आय ठेक्का नं.	कार्य विवरण, स्थान	फर्म/व्यक्तिको नाम, ठेगाना	कबोल रकम (अंकमा)
१.	१/०८०।०८१	नुनथर पोखरी (वडा नं. १, लखौरी)	विकास महतो, मझौरा बिसनपुर, महोत्तरी	रु.१५,०६,०००।–
२.	२/०८०।०८१	लवकी पोखरी (वडा नं. १, लखौरी)	रामरतन पासवान, श.न.पा. ५ पचहर्वा धनुषा	रु.७,५३,०००।–
३.	७/०८०।०८१	छपकियाही पोखरी (वडा नं. ४, भडरिया)	जितेन्द्र मुखिया, श.न.पा.४, ननुपट्टी	रु.७,५६,०००।–
४.	९/०८०।०८१	घोघाईर पोखरी,(वडा नं. ५, बहुअर्वा)	श्री रामप्रताप मण्डल, धनौजी ५ बहुअर्वा	रु.१६,२०,०००।–

प्रमुख प्रशासकीय अधिकृत

अब दाँतको भर्पदो उपचारको लागि बर्दिवासमा सम्झिनै पर्ने ठाउँ

मकालु ओरल एण्ड डेन्टल केयर

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी

९८२७८०५०६०
९८४५४९०८७३

डा. प्रशुराम चौधरी
BDS(INDIA)
वरिष्ठ मुख तथा दन्त रोग विशेषज्ञ
NMC No : 10637

डा. राजेश शाह
MDS(Bangladesh)
दाँत, मुख तथा अनुहार शल्यक्रिया विशेषज्ञ
NMC No : 12571

डा. अभियोग अधिकारी
BDS(R.U. Bangladesh)
मुख तथा दन्त रोग विशेषज्ञ
NMC No : 16077

डा. राजेश सिंह
BDS(KU)
ओरल एण्ड डेन्टल सर्जन
NMC No : 30848

डा. राजन सिंह
MDS(T.U.)
अर्थोडेन्टिस्ट
NMC No : 12542

यहाँ उच्चस्तरीय प्रविधिबाट दाँत तथा मुख सम्बन्धी सम्पूर्ण रोगहरुको छुट्टाछुट्टै विशेषज्ञहरुद्वारा उपचार गरिन्छ ।

खर्गा दाँत उपचार केन्द्र
अब काठमाडौं जानु नपर्ने

डा.गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS (Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

➢ हामी कहाँ नै किन ? आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, झिएको दाँतमा उपयुक्त स्थाई/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल (Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेढो, नमिलेको, खप्टिएको र छिचाक भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुख भित्र घोउ, खटिरा आउने गिजा सुनिने, रगत आईरहने, मुख पन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट (RCT) भर्ने, दाँतको X-ray गरिने ।

डाक्टर भेटने समय: प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म ।

यहाँ, सबै खाले दाँतको उपचार गरिन्छ ।

खर्गा दाँत उपचार केन्द्र

सिन्धुलीरोड, मुम्बिनि हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा, बर्दिवास, महोत्तरी, ☎ ९८४४३१२२४६